# सन्राइज बैंक लिमिटेडका संस्थापक शेयरधनीहरुलाई जरूरी सूचना

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा नेपाल धितोपत्र बोर्डबाट जारी परिपत्रको अधिनमा रही यस बैंकको संस्थापक समूहमा हाल रहेको ७०% शेयर संरचनालाई ५१% हुने गरी संस्थापक शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्न र सोही अनुरुप बैंकको प्रबन्धपत्र र नियमावलीमा संसोधन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको हुँदा सो बमोजिम आफ्नो शेयर परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई निवेदन ढाँचा समेत संलग्न गरि पत्राचार गरि सकिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

उक्त पत्र प्राप्त गरी सक्नु भएको भए सो पत्र साथ संलग्न कुनै एक निवेदन ढाँचामा र सो पत्र तथा सो साथ संलग्न निवेदन ढाँचा प्राप्त नगर्नु भएमा यसै सूचनालाई आधार मानि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि., काठमाडौं प्लाजा, कमलादी वा बैंकको रजिष्ट्रर्ड कार्यालय गैह्रीधारा, काठमाडौंमा सम्पर्क राखी संस्थापक समूहमा रहेको शेयर आफ्नो हक हिस्सामा पर्ने (कुल १०० को १९% अर्थात ७० को २७.१४२९%) जति **सर्वसाधारण समूहमा परिवर्तन गर्ने वा नगर्ने** भन्ने कुनै एक ढाँचामा निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ । आफ्नो हक हिस्सामा पर्ने **संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन नगर्ने** भनि स्वःघोषणा गर्नु हुने शेयरधनीहरुको हक हिस्सा बाँकी रहेका संस्थापकहरुले त्यस्तो शेयरको अनुपात उपयोग गर्न सक्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दै यो सूचनाका म्याद भित्र **सर्वसाधारण समूहको शेयरमा परिवर्तन नगर्ने भनि** निवेदन नदिनु हुने संस्थापक शेयरधनीहरुको हकको संस्थापक शेयर अनुपात सर्वसाधारणमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समूहमा परिवर्तन गर्ने तर्फ कारवाही प्रकृया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

पुनश्च : यो सूचना, यस सम्बन्धमा बैंकबाट प्रेषित पत्रको नमुना र सो साथ संलग्न निवेदन ढाँचा बैंकको वेभसाईट www.sunrisebank.com.np मा समेत हेर्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।


सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
www.sunrisebank.com.np
प्रधान कार्यालय तथा मुख्य शाखा: सन्राइज प्लाजा, गैह्रीधारा क्रसिङ, काठमाडौं
फोन: ४००४५६०, ४००४५६४ फ्याक्स: +९७७ -१-४४२२४७५ इमेल: info@sunrisebank.com.np

मिति : २०७०/०६/०६

श्रीमान् ........................ ज्यू,
संचालक/संस्थापक शेयरधनी,
सन्राइज बैंक लिमिटेड ।

**विषय : संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्ने वा नगर्ने भन्ने सम्वन्धमा ।**

महाशय,

हाल बैंकमा संस्थापक शेयरधनीको ७०% र सर्वसाधारण शेयरधनीको ३०% शेयर स्वामित्व रहेको र बैंक संचालनको ५ बर्ष समेत पूरा भईसकेको हुँदा नेपाल राष्ट्र बैंकको ई.प्रा. निर्देशन नं. १०/०७० ले गरेको व्यवस्था अनुरुप संस्थापक शेयरधनी समूहको ७०% शेयर मध्ये १९% शेयर सर्वसाधारण शेयरधनी समूहमा परिवर्तन गरि संस्थापक शेयरधनी समूहको ५१% र सर्वसाधारण शेयरधनी समूहको ४९% शेयर स्वामित्व कायम गर्न नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिएकोमा सोलाई नेपाल राष्ट्र बैंकले मिति २०७०/०५/२६ को पत्र मार्फत उक्त बमोजिम शेयर संरचना परिवर्तन गर्न र र सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा समेत आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गरेको र यसरी शेयर समूह परिवर्तन भए पश्चात बिक्री गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले समेत मिति २०७०/०१/०४, च.नं. ९५३ को पत्रद्वारा बिक्री प्रस्ताव मार्फत तथा धितोपत्र बजार मार्फत समेत बिक्री गर्न सकिने व्यवस्था गरेको जानकारी गराउदछौं ।

नेपाल राष्ट्र बैंकबाट जारी ई.प्रा.निर्देशन नं.१० को १६(ग) को प्रतिवन्धात्मक व्यवस्थामा कुनै संस्थापक समूहमा रहेको शेयरधनीले अर्को समूहमा परिणत गर्न नचाहेको भनि स्वःघोषणा विवरण प्राप्त भएको अवस्था रहेछ भने बाँकी रहेका सदस्यहरुले संस्थापक समूहको शेयर स्वामित्व ५१% भन्दा कम नहुने गरी त्यस्तो शेयर अनुपात उपयोग गर्न पाउने भन्ने व्यवस्था रहेको, ऐ. निर्देशनको १६(च) मा एकपटक सर्वसाधारण शेयरमा परिणत भैसकेको शेयर पुनः संस्थापक वा संस्थापक समूहको शेयरमा परिणत गर्न पाइने छैन भन्ने रहेको र ऐ. १६(ज) मा यस व्यवस्था अनुरुप बिक्री/परिणत गर्ने कार्य एकपटक मात्र गर्न पाइने भन्ने व्यवस्था रहेको समेत जानकारी गराउँदछौं ।

अतः नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, नेपाल धितोपत्र बोर्डबाट जारी परिपत्र तथा नेपाल राष्ट्र बैंकले शेयर संरचना परिवर्तन गर्न यस बैंकलाई दिएको स्वीकृतिको आधारमा संस्थापक समूहमा रहेको ७०% शेयरलाई ५१% कायम रहने गरी प्रत्येक संस्थापक शेयरधनीबाट आफ्नो हकको संस्थाशक शेयर समानुपातिक रुपमा सर्वसाधारण समूहको शेयरमा परिणत गर्ने वा नगर्ने भन्ने प्रयोजनको लागि यसैसाथ संलग्न कुनै एक निवेदन ढाँचाको विवरण भरि शेयर किताव बमोजिमको अंग्रेजी वा नेपाली वा दुवै दस्तखत गरी यो पत्रको मितिले ढिलोमा १५ दिन भित्र यस बैंकमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । तहाँबाट निवेदन प्राप्त नभएमा यस कार्यलाई अगाडी बढाउन कठिनाई हुन सक्ने व्यहोरा समेत अनुरोध गर्दै तहाँबाट **सर्वसाधारण समूहमा परिणत नगर्ने भनि** म्याद भित्र निवेदन प्राप्त नभएमा सर्वसाधारण समूहमा परिणत गर्न ईच्छुक रहेको मानि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधिनमा रही संस्थापक समूहमा ५१% शेयर कायम रहने गरी तहाँको हक हिस्साको निम्न बमोजिम संस्थापक शेयर सर्वसाधारण समूहमा परिणत गर्ने तर्फ कारवाही अगाडी बढाईने व्यहोरा यसै पत्र मार्फत जानकारी गराउँदछौं ।

**संस्थापक शेयर संख्या २५,०००.०० मध्ये सर्वसाधारण समूहमा परिवर्तन गर्न सकिने शेयर संख्या ६,७८५.७१ कित्ता**

**भवदीय,**

**संलग्न :**

१. आफ्नो हक हिस्सा बिक्री गर्ने वा नगर्ने निवेदनको ढाँचा थान–१,
२. ने.रा. बैंकबाट प्राप्त स्वीकृति पत्र थान –१,
३. धितोपत्र बोर्डको पत्र थान –१,

.................
टिका भट्टराई
कम्पनी सचिव

# कृपया तलको कुनै एउटा (१) वा (२) मात्र भरि दिनु होला

## १. (संस्थापक शेयरलाई सर्वसाधारण समूहमा परिणत गर्न चाहने संस्थापक शेयरधनीहरुले मात्र भर्ने)

.............................................................................................................................................

मिति : २०७०/०६/०६

श्री सन्‌राइज बैंक लिमिटेड
गैह्रीधारा, काठमाडौं ।

**विषय : संस्थापक शेयर सर्वसाधारणसमूहमा परिणत गर्ने सम्वन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशन तथा स्वीकृति बमोजिम संस्थापक समूहको शेयर स्वामित्व ५१% र सर्वसाधारण समूहको ४९% कायम गर्ने सन्दर्भमा बैंकको कुल संस्थापक शेयरधनी समूहमा ५१% हुने गरी मेरो स्वामित्वमा रहेको त्यस बैंकको संस्थापक शेयरमध्ये मेरो हक हिस्साबाट सर्वसाधारण समूहमा परिणत गर्न मिल्ने अनुपातमा संस्थापक शेयर सर्वसाधारण समूहमा परिणत गर्ने व्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दछु ।

**भवदीय,**

संस्थापक शेयरधनीको नाम :

हालको ठेगाना :

फोन नं.:

(शेयर किताव अनुसारको अंग्रेजी वा नेपाली वा दुवै) पुरा हस्ताक्षर :

.............................................................................................................................................

## २.(संस्थापक शेयरलाई सर्वसाधारणमा परिणत गर्न नचाहने संस्थापक शेयरधनीहरुले मात्र भर्ने)

.............................................................................................................................................

मिति : २०७०/०६/०६

श्री सन्‌राइज बैंक लिमिटेड
गैह्रीधारा, काठमाडौं ।

**विषय : संस्थापक शेयर सर्वसाधारणमा परिणत नगर्ने सम्वन्धी स्वःघोषणा ।**

महाशय,

नेपाल राष्ट्र बैंकवाट जारी एकिकृत निर्देशन, २०७० को ई.प्रा.निर्देशन नं. १० को १६ (ग) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मेरो नाममा रहेको त्यस बैंकको संस्थापक शेयर सर्वसाधारण समूहमा परिणत गर्ने ईच्छा नभएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**भवदीय,**

संस्थापक शेयरधनीको नाम :

हालको ठेगाना :

फोन नं.:

(शेयर किताव अनुसारको अंग्रेजि वा नेपाली वा दुवै) पुरा हस्ताक्षर :

**नोट : यो २ नं. को ढाँचा बमोजिम सर्वसाधारण समूहमा परिणत गर्न नचाहेको भनि पत्रको मितिले १५ दिन भित्र बैंकमा उपलब्ध नभएमा परिणत गर्न ईच्छुक रहेको मानि सोही बमोजिम कारवाही प्रकृया अगाडी बढाईने छ ।**